परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक
वर्ष : ४ अंक : २८२ पृष्ठ ४ २०८३ साउन १६ गते शनिबार 1 August, 2026 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# बर्दिबासबाट सन्देश : ‘हिन्दु–मुस्लिम हामी दाजुभाइ’

## “सर्वपक्षीय सद्भाव बैठकमा सामाजिक एकता जोगाउने प्रतिबद्धता, धार्मिक तनाव फैलाउने गतिविधिविरुद्ध कडा कदम चाल्न माग“



● टक नेपाल

सुनसरी घटनापछि देशका विभिन्न स्थानमा धार्मिक तथा सामाजिक सद्भावबारे चासो बढिरहेका बेला महोत्तरीको बर्दिबासमा हिन्दु र मुस्लिम समुदायका अगुवा, जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, व्यवसायी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधि एकै ठाउँमा भेला भएर सामाजिक एकता र धार्मिक सद्भाव कायम राख्ने प्रतिबद्धता जनाएका छन् ।

बर्दिबास उद्योग वाणिज्य संघको आयोजनामा शुक्रबार सम्पन्न सर्वपक्षीय सद्भाव बैठकमा सहभागीहरूले एकसाथ चिया पिए, हातेमालो गरे र “हिन्दु-मुस्लिम हामी दाजुभाइ” भन्ने साझा सन्देश दिएका थिए । ‘हाम्रो विविधता, हाम्रो पहिचान, हाम्रो एकता, हाम्रो अभियान’ नारासहित आयोजित कार्यक्रममा आपसी विश्वास, सहअस्तित्व र सामाजिक सद्भावलाई अझ बलियो बनाउने प्रतिबद्धता व्यक्त गरिएको हो ।

बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्रीले धार्मिक सद्भाव बिथोल्ने र समाजमा उत्तेजना फैलाउने गतिविधिमा संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याउन सरकारसँग माग गरे। सामाजिक सञ्जालमा लोकप्रिय बन्न गरिने गैरजिम्मेवार गतिविधिले समाजमा अनावश्यक तनाव सिर्जना गरिरहेको उनको भनाइ थियो ।

मुस्लिम समाज बर्दिबासका अध्यक्ष अताबुल रहमानले सानो गल्तीले ठूलो समस्या निम्त्याउन सक्ने भएकाले सबै समुदाय संयमित हुनुपर्ने बताए । उनले वर्षौंदेखि हिन्दु र मुस्लिम समुदाय मिलेर बसेको उल्लेख गर्दै समस्या आए पनि संवाद र सहकार्यबाट समाधान गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा अधिवक्ता नदाफले मानवता नै सबैभन्दा ठूलो धर्म भएको उल्लेख गर्दै धार्मिक सद्भाव कायम राख्न सबै समुदाय जिम्मेवार बन्नुपर्ने बताए । उनले सुनसरी लगायतका घटनाका दोषीमाथि कानुनी कारबाही हुनुपर्ने माग गर्दै “सबै को रगत बराबर छ, त्यसैले हामी विभाजित हुनुहुँदैन” भने ।

पूर्व वडाध्यक्ष चुडामणि पोखरेलले पहाडी-मधेसी, हिन्दु-मुस्लिम तथा जातीय विभाजनका नाममा समाजमा मनमुटाव बढाउने प्रयास भइरहेको उल्लेख गदै त्यसलाई असफल बनाउन सबै एकजुट हुनुपर्ने बताए । स्थानीय चेतबहादुर थापाले विगतका आन्दोलनका समयमा पनि बर्दिबासले शान्तिपूर्ण रूपमा परिस्थिति व्यवस्थापन गरेको स्मरण गराउँदै अहिले पनि एकताबद्ध भएर अघि बढ्नुपर्ने बताए ।

नेकपा (एमाले) का नेता शंकर महतोले बर्दिबासको सामाजिक बनोट नै यसको सबैभन्दा ठूलो गहना भएको उल्लेख गर्दै धार्मिक तथा सामाजिक सद्भाव जोगाउन सबै पक्ष सजग रहनुपर्ने बताए । उनले सामाजिक एकतालाई कमजोर बनाउने कुनै पनि षड्यन्त्र समयमै पहिचान गरी प्रशासनसँग सहकार्य गर्न नागरिकलाई आग्रह गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि विजय पोखरेलले जात, धर्म र समुदायका नाममा मधेशलाई विभाजित गर्ने प्रयास अस्वीकार्य रहेको बताए । राप्रपाका नेता कमल पोखरेलले सामाजिक सद्भावभन्दा ठूलो सम्पत्ति अरू केही नभएको धारणा राखे भने होटल तथा पर्यटन व्यवसायी महासंघका अध्यक्ष गुन्जबहादुर कार्कीले अराजक गतिविधिमा संलग्न व्यक्तिमाथि प्रभावकारी निगरानी आवश्यक रहेको बताए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतोले साम्प्रदायिक तनाव रोक्ने सबैभन्दा प्रभावकारी उपाय सामाजिक एकता र भाइचारा भएको बताए । नेपाल रेडक्रस सोसाइटी उपशाखा बर्दिबासका सुदीप कार्कीले गुलाबसा खातुन हत्या प्रकरणका बेला बर्दिबासले देखाएको सामाजिक एकताको उदाहरण स्मरण गर्दै त्यसलाई निरन्तरता दिनुपर्ने बताए ।

कार्यक्रममा सहभागीहरूले बर्दिबास-३ को कालापानी वन क्षेत्रसँग सम्बन्धित विवादप्रति पनि ध्यानाकर्षण गराएका थिए । उनीहरूले उक्त घटनासँग सम्बन्धित विषयलाई संवेदनशील ढंगले समाधान गर्न तथा सामाजिक सद्भावमा असर पर्ने कुनै पनि गतिविधि हुन नदिन सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

कार्यक्रमको समापन गर्दै बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष दीपक कार्कीले हिन्दु र मुस्लिम समुदायबीच पारिवारिक तथा सामाजिक सम्बन्ध गहिरो रहेको उल्लेख गर्दै केही व्यक्तिका गतिविधिका कारण सामाजिक सद्भाव बिग्रन नदिन सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताए ।

सहभागीहरूले बर्दिबासलाई धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र आपसी विश्वासको नमुनाका रूपमा कायम राख्दै कुनै पनि बहानामा समाजलाई विभाजित गर्ने प्रयासको संयुक्त रूपमा प्रतिरोध गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### बालबालिकाको सुरक्षा पहिलो प्राथमिकता

तराईका विभिन्न जिल्लामा पछिल्ला दिनमा भएका हिंसात्मक घटनाले सामाजिक शान्ति मात्र होइन, बालबालिकाको सुरक्षा र अधिकारमाथि पनि गम्भीर प्रश्न उठाएको छ सिराहामा भएको झडपका क्रममा एक किशोर को गोली लागेर मृत्यु हुनु अत्यन्त दुःखद र संवेदनशील घटना हो। यसले द्वन्द्व र अशान्तिको सबैभन्दा ठूलो असर बालबालिकामाथि पर्ने यथार्थलाई पुनः उजागर गरेको छ।

बालबालिका कुनै पनि राजनीतिक, सामाजिक वा हिंसात्मक गतिविधिको माध्यम बन्नु हुँदैन। उनीहरूलाई सुरक्षित वातावरणमा शिक्षा, संरक्षण र विकासको अवसर उपलब्ध गराउनु राज्य, परिवार र समाज सबैको साझा दायित्व हो। हिंसात्मक प्रदर्शन, कर्फ्यू वा निषेधाज्ञाजस्ता परिस्थितिमा बालबालिकालाई जोखिमबाट जोगाउन अभिभावक, स्थानीय समुदाय र सुरक्षा निकायले विशेष सतर्कता अपनाउन आवश्यक छ।

घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउनु न्यायको आधारभूत सर्त हो। साथै, हिंसाबाट प्रभावित बालबालिका र उनीहरूका परिवारलाई मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा, सुरक्षा र पुनर्स्थापनाको व्यवस्था गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ। शारीरिक क्षतिसँगै मानसिक आघातले बालबालिकाको भविष्यमा दीर्घकालीन असर पार्न सक्छ भन्ने तथ्यलाई बेवास्ता गर्न मिल्दैन।

विद्यालय, सार्वजनिक स्थल र समुदायलाई बालमैत्री तथा शान्तिक्षेत्रका रूपमा सुरक्षित राख्न सबै पक्षबीच समन्वय आवश्यक छ। राजनीतिक दल, नागरिक समाज, अभिभावक र राज्यका निकायले बालअधिकारलाई सवोच्च प्राथमिकतामा राखेर जिम्मेवार व्यवहार गर्नुपर्छ। असहमति समाधान गर्ने माध्यम संवाद र कानुन हुनुपर्छ, हिंसा होइन।

बालबालिका राष्ट्रका भविष्य हुन्। उनीहरूको जीवन, सुरक्षा र अधिकारको संरक्षण गर्न सके मात्र लोकतान्त्रिक, सभ्य र न्यायपूर्ण समाज निर्माण सम्भव हुन्छ। त्यसैले कुनै पनि परिस्थितिमा बालबालिकालाई हिंसाको प्रभावबाट जोगाउनु सबै पक्षको पहिलो दायित्व हुनुपर्छ।

# महोत्तरीमा सीमा नाकामा परिचयपत्र अनिवार्य, सुरक्षा सतर्कता कडा

• टक नेपाल



सुनसरीको देवानगञ्जमा भएको घटनापछि उत्पन्न संवेदनशील अवस्थालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीले भारतबाट जिल्लाको सीमा नाका हुँदै नेपाल प्रवेश गर्ने सबै यात्रुले अनिवार्य रूपमा आधिकारिक परिचयपत्र देखाउनुपर्ने व्यवस्था गरेको छ।

शुक्रबार बिहान जिल्ला प्रशासन कार्यालयमा आयोजित सर्वदलीय तथा धार्मिक-सामाजिक सद्भाव समन्वय बैठकले यस्तो निर्णय गरेको हो। प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार जिल्लाको शान्ति, सुरक्षा, सामाजिक सद्भाव र अमनचयन कायम राख्ने उद्देश्यले सीमा प्रवेशमा परिचयपत्र अनिवार्य गरिएको हो।

बैठकले जिल्लावासीलाई सामाजिक सद्भाव, भाइचारा र सांस्कृतिक ऐक्यबद्धता कायम राख्दै संयमता अपनाउन तथा हिंसात्मक, द्वन्द्वमूलक वा उत्तेजनात्मक गतिविधिबाट टाढा रहन अपिल गरेको छ।

यस्तै, सामाजिक सञ्जालमार्फत अफवाह, भ्रामक, अपुष्ट तथा द्वेषपूर्ण सामग्री प्रसारण वा साझेदारी नगर्न आग्रह गर्दै त्यस्ता गतिविधिमा संलग्नलाई प्रचलित कानुनअनुसार कडा कारबाही गरिने चेतावनी पनि प्रशासनले दिएको छ।

निर्णयअनुसार कुनै पनि धार्मिक जुलुस, र्‍याली, सभा वा सार्वजनिक कार्यक्रम सञ्चालन गर्नुअघि स्थानीय प्रशासनबाट अनिवार्य स्वीकृति लिनुपर्नेछ। साथै, जिल्लाभित्रका सबै धार्मिक अगुवालाई सामाजिक सद्भाव कायम राख्न सहयोग गर्न आग्रह गरिएको छ।

प्रशासनले सुरक्षा निकायलाई संवेदनशील क्षेत्रमा गस्ती बढाउन, शंकास्पद व्यक्तिमाथि निगरानी तथा आवश्यक अनुसन्धान गर्न निर्देशन दिएको जनाएको छ।

यसैबीच, सुनसरी घटनाको विरोधमा महोत्तरीका जलेश्वर, मटिहानी, गौशाला, सम्सी, रामगोपालपुर, औरही, पिपरालगायतका बजार आंशिक रूपमा बन्द गरिएका छन्। केही स्थानमा प्रदर्शनकारीले टायर बाल्नुका साथै रुख ढालेर सडक अवरुद्ध गरेका छन्। सुरक्षा निकायले अवस्था नियन्त्रणमा राख्न निगरानी बढाएको जनाएको छ।

# सप्तरीको सितापुर–हरिहरपुर सडक निर्माण तीव्र, ५० प्रतिशत काम सम्पन्न

• टक नेपाल



मधेश प्रदेश सरकारको गौरवको योजनामध्ये 'एक निर्वाचन क्षेत्र एक पक्की सडक निर्माण' काम तीव्र गतिमा अघि बढेको छ। सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकामा 'एक निर्वाचन क्षेत्र एक पक्की सडक निर्माण' कार्यअन्तर्गत निर्माण भइरहेको सितापुर-हरिहरपुर पिच सडकको काम तीव्र गतिमा अघि बढेको हो।

मधेश प्रदेश सरकारको लगानीमा निर्माण भइरहेको करिब पाँच किलोमिटर लामो दुई लेनको सडकको हालसम्म ५० प्रतिशत भौतिक तथा ४५ प्रतिशत वित्तीय प्रगति भएको छ।

भौतिक पूर्वाधार विकास कार्यालय सप्तरीका प्रमुख कृष्णदेव झाले १२ करोड ४५ लाख ४९ हजार रुपियाँको लागतमा निर्माण भइरहेको सडकको ठेक्का सम्झौता २०८२ असार ६ गते भएको जानकारी दिनुभयो। उहाँका अनुसार निर्माण कम्पनी आरके निर्माण सेवा, इनरुवा (सुनसरी) ले २०८४ असार ५ गते भित्र निर्माण सम्पन्न गर्ने गरी काम गरिरहेको छ।

निर्माणाधीन सडक सितापुर कोलोनी चोकदेखि इटहरवा, नयाँ इटहरवा, इकाराहा हुँदै हरिहरपुर र मैटगढीसम्म पुग्नेछ। सडक निर्माणसँगै गाउँपालिकाको वडा २ र ३ का बस्तीहरूलाई राजविराजसँग सहज सडक पहुँच स्थापित हुने अपेक्षा गरिएको छ।

अग्निसाइर कृष्णासवरण गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीले वर्षौंदेखि कच्ची सडकका कारण स्थानीयवासीले वर्षायाममा सबैभन्दा बढी सास्ती भोग्दै आएको बताउनुभयो। उहाँले सडक निर्माण सम्पन्न भएपछि यातायात सेवा नियमित हुने, गाउँ-सहरको दूरी घट्ने तथा स्थानीयको दैनिकी सहज बन्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँका अनुसार स्थानीयवासीले लामो समयदेखि सडक कालोपत्रे गर्न माग गर्दै आएका थिए। जनप्रतिनिधि, बुद्धिजीवी तथा सामाजिक अगुवाको निरन्तर पहलपछि मधेश प्रदेश सरकारले उक्त सडकका लागि बजेट विनियोजन गरेको हो।

सडक निर्माणले सितापुर कोलोनी, इटहरवा, नयाँ इटहरवा, इकाराहा, हरिहरपुर, मैटगढी, दिघवा लगायत करिब एक दर्जन गाउँका हजारौं नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ। अहिले वर्षायाममा हिलो, धुलो तथा बर्खे खोलाका कारण हुने आवतजावतको समस्या सडक निर्माणपछि अन्त्य हुने स्थानीयको विश्वास छ। एम्बुलेन्स, विद्यालय बस तथा अन्य सार्वजनिक सवारीसाधन सहज रूपमा सञ्चालन गर्न सकिने भएपछि शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सेवामा नागरिकको पहुँचसमेत विस्तार हुने अपेक्षा गरिएको छ।

स्थानीय भगवती चौधरीले सडक कालोपत्रे हुनु ग्रामीण बासिन्दाका लागि वर्षौंदेखिको सपना साकार हुने क्षण भएको बताउनुभयो। उहाँले वर्षातका बेला हिँड्नसमेत कठिन हुने सडक अब पक्की बन्न थालेपछि विद्यार्थी, बिरामी, किसान तथा सर्वसाधारणलाई सहज आवतजावत हुने बताउनुभयो। विकासको आधार सडक भएकाले यसले गाउँको समग्र जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उहाँको विश्वास छ।

स्थानीय हेमनारायण चौधरीले सडक निर्माणले कृषि उत्पादनको बजारीकरणमा ठूलो टेवा पुग्ने बताउनुभयो। उहाँका अनुसार यस क्षेत्रमा उत्पादन हुने धान, मकै, गहुँ, तरकारी तथा अन्य कृषि उपज सहज रूपमा बजारसम्म ढुवानी गर्न सकिनेछ। यसबाट ढुवानी खर्च घट्नुका साथै किसानले उत्पादनको उचित मूल्य पाउने र कृषि व्यवसाय थप व्यावसायिक बन्ने अपेक्षा गरिएको छ।

उहाँले सडक निर्माणसँगै स्थानीय व्यापार-व्यवसाय विस्तार हुने, हाटबजारको कारोबार बढ्ने, साना तथा घरेलु उद्योग सञ्चालनमा सहयोग पुग्ने र स्वरोजगारका अवसरसमेत सिर्जना हुने बताउनुभयो। यसले ग्रामीण अर्थतन्त्र चलायमान बनाउनुका साथै समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने उहाँको भनाइ छ।

स्थानीयवासीका अनुसार सडक निर्माण सम्पन्न भएपछि शिक्षा, स्वास्थ्य, कृषि, व्यापार तथा सरकारी सेवा प्राप्त गर्न नागरिकलाई सहज हुनेछ। आपत्कालीन अवस्थामा बिरामीलाई अस्पताल पुर्‍याउन, विपद्का बेला उद्धार तथा राहत सामग्री ढुवानी गर्न र विकास निर्माणका अन्य गतिविधि सञ्चालन गर्नसमेत सहज हुने अपेक्षा गरिएको छ।

स्थानीयवासीले निर्माण कम्पनी र सम्बन्धित निकायसँग निर्माण कार्य गुणस्तरीय, पारदर्शी तथा निर्धारित समयसीमाभित्र सम्पन्न गर्न आग्रह गरेका छन्। उनीहरूका अनुसार सडक निर्माणले अग्निसाइर कृष्णासवरण गाउँपालिकाका ग्रामीण बस्तीको विकाससँगै यस क्षेत्रको आर्थिक, सामाजिक तथा कृषि विकासलाई दीर्घकालीन रूपमा गति दिने विश्वास लिइएको छ।






# पर्यटकको वैवाहिक गन्तव्य

**टक नेपाल**

सङ्घीय तथा मधेश सरकार र जनकपुरधाम उपमहानगर पालिका तीन वटै सरकारले जनकपुरधामलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्ने योजना यस वर्षको नीति तथा कार्यक्रममा राखेका छन् । विगत वर्षमा पनि यी सरकारले वैवाहिक गन्तव्य बनाउने विषय आफ्नो वार्षिक कार्यक्रममा समेटेका थिए ।



वैवाहिक गन्तव्यका रूपमा विकास गर्न सङ्घीय सरकार को सहयोगमा जनकपुरधामस्थित मणिमण्डपमा ठुलो भौतिक संरचना निर्माण गरिएको छ । मधेश प्रदेश र स्थानीय सरकारको सहयोगमा जानकी मन्दिरलगायतका धार्मिक स्थलमा भौतिक संरचनाको विकास गरिएको छ । जनकपुरको अधिकांश पोखरी, तलाउ र मठमन्दिरका स्वरूप फेरिएका छन् । कतिपय योजना कार्यान्वयनमा छन् तर वैवाहिक गन्तव्यका रूपमा जनकपुरधामलाई विकास गर्न ठोस रणनीतिक योजना तयार हुन सकेको छैन । भौतिक विकासले मात्र विश्वका पर्यटक आकर्षित गर्न सकिँदैन ।

संसारका चर्चित अधिकांश सफल पर्यटकीय सहरको कुनै न कुनै कथाले पर्यटक आकर्षित गरिरहेको हुन्छ । प्रेमको कथा अनुभव गर्न फ्रान्सको पेरिस, रोमान्टिक वातावरण महसुस गर्न इटालीको टस्कनी, राजसी वैभव हेर्न भारतको राजस्थान र आध्यात्मिक अनुभवका लागि पर्यटक इन्डोनेसियाको बाली जाने गर्छन् । जनकपुर धामको कथा भने फरक र शक्तिशाली छ, विश्वमै सर्वाधिक सम्मानित वैवाहिक आदर्श जोडी राम र सीताको विवाहको कथा ।

यो केवल धार्मिक विश्वासको विषय मात्र नभएर दक्षिण एसियाको साझा सांस्कृतिक स्मृति हो । भारत, नेपाल, मौरिसस, फिजी, सुरिनाम, त्रिनिडाड, गुयाना, इन्डोनेसिया, थाइल्यान्डदेखि विश्वभरका हिन्दु समुदायका लागि राम-सीताको विवाह आदर्श वैवाहिक सम्बन्धको प्रतीक हो । यस्तो ब्रान्ड संसारमा दोस्रो छैन । जनकपुरले आफ्नो यही ब्रान्डलाई विश्वसामु पस्केर आकर्षणको केन्द्र बन्न सक्छ । यसले जनकपुरधाम सहरको मात्र नभई, मधेश प्रदेशसँगै नेपालको पर्यटन क्षेत्रमा आर्थिक अवसर वृद्धि गर्न योगदान दिन सक्छ ।

गत वर्ष नेपालका लागि बेलायती राजदूत रब फेन आफ्नी पत्नी जुलिया फेनसँग आफ्नो वैवाहिक वर्षगाँठ मनाउन जनकपुरधाम आएका थिए । उनीहरूले मिथिला संस्कृति र परम्परा अनुसारका पोसाकमा जानकी मन्दिरमा पूजा गरे, माला साटासाट गरे । मन्दिरको परिक्रमा गरी वैवाहिक जीवनको सुख, शान्ति तथा सफलताको कामना गरेका थिए । उनीहरू जनकपुरकै मणिमण्डप पुगेर राम-सीता विवाहसँग सम्बन्धित पौराणिक प्रसङ्गबारे जानकारी लिए । मिथिला कल्चरल भिलेज घुमेर स्थानीय परिकार खाए, धनुषाधामको दर्शन गरे । वन क्षेत्रमा वृक्षरोपण गरी साँझ गङ्गा आरतीमा सहभागी भएर सामाजिक सञ्जालमार्फत आफ्ना अनुभव साटेका थिए ।

राजदूत दम्पती वैवाहिक वर्षगाँठको अनुभवको समाचार सञ्चार माध्यम र सामाजिक सञ्जालमा चर्चाको विषय बनेको थियो । विदेशी दम्पतीले वैवाहिक वर्षगाँठ मनाउन गरेको भ्रमणले जनकपुरलाई जुनस्तरको सकारात्मक प्रचार दिलायो, यसले अरू दम्पतीलाई पनि वैवाहिक वर्षगाँठ मनाउन उत्प्रेरित गरेको छ । रोचक विषय केही महिनाअघि औपचारिक कामको क्रममा जनकपुर आएका बेला राजदूत फेनले यहाँ खिचेका तस्बिर आफ्नी पत्नीलाई देखाएका थिए । जनकपुरको सांस्कृतिक सौन्दर्यले उनीहरूलाई प्रभावित मात्र गरेन बरु वैवाहिक वर्षगाँठ यहीँ मनाउने निर्णयसम्म पुऱ्यायो । जनकपुरले सही रूपमा आफ्नो कथा संसारलाई सुनाउन सकेमा धेरै विदेशी दम्पतीलाई आकर्षित गर्न सक्छ ।

सीता र रामको विवाह स्थलका रूपमा जनकपुरको सांस्कृतिक र आध्यात्मिक महत्व हिन्दु सभ्यताको साझा सम्पत्ति हो । हरेक वर्ष मङ्सिर महिनाको शुक्ल पञ्चमीका दिन लाखौँ श्रद्धालु साताव्यापी मनाइने विवाह परम्परा हेर्न जनकपुरधाम आइपुग्छन् ।

**विश्वमा धेरै सहरले कृत्रिम कथा निर्माण गरेर पर्यटक आकर्षित गरिरहेका छन् । सङ्घीय सरकार, मधेश प्रदेश, स्थानीय सरकार, निजी क्षेत्र र स्थानीय समुदाय एउटै लक्ष्यमा उभिन सके भने जनकपुर केवल धार्मिक तीर्थस्थल मात्र रहने छैन, यो दक्षिण एसियाकै सबैभन्दा विशिष्ट सांस्कृतिक तथा वैवाहिक गन्तव्यका रूपमा स्थापित हुन सक्छ ।**



**विजय मस्त**

भारतका विभिन्न राज्यबाट जन्ती आउने परम्परा अझै जीवित छ । नेपाल र भारतका विशिष्ट व्यक्तित्व यस अवसरमा पूजाअर्चना गर्न आउँछन् । यी सबै तथ्यले जनकपुरको अन्तर्राष्ट्रिय पहिचानलाई बलियो बनाएको छ । अब जनकपुरले धार्मिक तीर्थयात्रीको आगमनबाट सन्तुष्ट भएर मात्र पुग्दैन र वैवाहिक गन्तव्यका रूपमा विकास गर्नु पर्छ ।

तीर्थयात्री केही घण्टा वा एक दिन बस्न सक्छन्, उनीहरूको खर्च सीमित हुन्छ । गन्तव्य विवाहका लागि आउने दम्पती र उनीहरूका पाहुनाले सामान्यतया तीनदेखि पाँच दिनसम्म बस्नुपर्ने हुन्छ । उनीहरूले होटेल, रिसोर्ट, यातायात, भोजन, फोटोग्राफी, भिडियो निर्माण, सजावट, सांस्कृतिक कार्यक्रम, सौन्दर्य सेवा, हस्तकला, उपहार, स्थानीय भ्रमण र मनोरञ्जनमा ठुलो रकम खर्च गर्छन् । यसले एउटै विवाहबाट स्थानीय अर्थतन्त्रका दर्जनौँ क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्छ । जनकपुरले अब केवल 'तीर्थ आस्था' मात्र होइन, 'विवाह अनुभव' पनि सेयर गर्न सिक्नु पर्छ । यसका लागि कुनै एउटा तहको सरकारको प्रयासले हुँदैन । यसमा तीन वटै तहका सरकारबिच नीतिगत सहकार्य र संस्थागत कार्ययोजना बनाएर अगाडि बढ्नु पर्छ ।

जनकपुरधाम धार्मिक पर्यटनको केन्द्रका रूपमा चिनिएको धेरै वर्ष भइसक्यो तर विवाह पर्यटनको विश्वव्यापी बजारमा आफ्नो स्थान बनाउन भने अझै सकेको छैन । यहाँ पर्यटन, संस्कृति, पूर्वाधार, निजी क्षेत्र, होटेल व्यवसायी, विवाह आयोजक, हस्तकला उद्यमी, कलाकार र धार्मिक संस्थालाई एउटै ढाँचामा जोड्ने संयन्त्र बनेको छैन । सबैले आआफ्नो क्षेत्रमा काम गरिरहेका छन् तर कुनै साझा दृष्टि र साझा ब्रान्ड निर्माण हुन सकेको छैन ।

भारतको राजस्थान आज विश्वकै चर्चित वैवाहिक गन्तव्य केन्द्रमध्ये एक हो । उदयपुर, जयपुर र जोधपुरमा हरेक वर्ष हजारौँ भारतीय तथा विदेशी जोडीको विवाह सम्पन्न हुन्छ । त्यहाँको दरबार, ताल, ऐतिहासिक भवन र आतिथ्य सेवाले विश्वव्यापी ब्रान्ड बनाएको छ । राजस्थानको विकासका लागि सरकारले नीति बनायो, निजी क्षेत्रले लगानी गऱ्यो, अन्तर्राष्ट्रियस्तरको सेवा विकास गऱ्यो र चलचित्र उद्योग तथा डिजिटल प्रचारले त्यसलाई विश्वबजारमा पुऱ्यायो । जनकपुरसँग दरबार नभए पनि राम-सीताको विवाहको जीवन्त कथा छ । राजस्थानले इतिहासलाई अर्थतन्त्रसँग जोड्यो । जनकपुरले आध्यात्मिकता, संस्कृति र जीवित परम्परालाई आर्थिक विकाससँग जोड्न सक्छ ।

इन्डोनेसियाको बालीमा हजारौँ विदेशी जोडी विवाह गर्न पुग्छन् । उनीहरू केवल समुद्र हेर्न जाँदैनन् । उनीहरू स्थानीय संस्कृति, सङ्गीत, भोजन, नृत्य, धार्मिक अनुष्ठान र प्राकृतिक वातावरणसँग जोडिएको सम्पूर्ण अनुभव खोज्छन् । जनकपुरले पनि यही दृष्टिकोण अपनाउन सक्छ । यहाँ विवाह केवल माला लगाउने कार्यक्रम नहोस्, यो मिथिला संस्कृतिको उत्सव बनोस् । अतिथिलाई स्वागतदेखि बिदाइसम्म प्रत्येक क्षणमा 'मिथिला' अनुभूति गराउन सकियो भने जनकपुरको छुट्टै पहिचान बन्न सक्छ ।

नेपालमा पर्यटनबारे चर्चा हुँदा प्रायः हिमाल, पदयात्रा, वन्यजन्तु वा साहसिक पर्यटनको कुरा हुन्छ । विश्वभर विवाह उद्योग अर्बौं डलरको अर्थतन्त्रमा विकसित भइसकेको छ । विवाह पर्यटनले केवल होटेललाई मात्र नभई किसानलाई फूल बेच्ने अवसर दिन्छ । स्थानीय महिलालाई मेहदी, शृङ्गार र परम्परागत पोसाकको व्यवसाय दिन्छ । मिथिला चित्रकारलाई मण्डप सजाउने काम, कुम्हारलाई माटाका दीप र सजावटी सामग्री बनाउने, मिठाई व्यवसायीलाई नयाँ बजार दिन्छ भने पान व्यवसायीलाई अतिरिक्त आम्दानी । फोटोग्राफर, भिडियो निर्माता, कार्यक्रम सञ्चालक, सङ्गीतकार, कलाकार, गाइड, टेम्पोचालक र हस्तकला उद्यमी सबैलाई रोजगारी दिन्छ ।

स्थानीय रूपमा नेपाल र भारतमा हुने वैवाहिक समारोहको परम्परामा फरकपन आएको छ । सामान्य परिवारले पनि अहिले अधिकांश विवाह होटेल र रिसोर्टमा गर्छन् । यस्तोमा प्रत्येक वर्ष बाहिरबाट केही सय सङ्ख्यामा पनि विवाहका लागि पर्यटक आकर्षण गर्न सके त्यसबाट सिर्जना हुने आर्थिक गतिविधि करोडौँ रुपियाँमा पुग्न सक्छ । भारतीय मध्यम वर्ग र नेपाली प्रवासी समुदायलाई विशेष लक्षित गरेर प्रभावकारी योजना ल्याउनु पर्छ । भारतका अधिकांश परिवार थाइल्यान्ड, बाली, दुबई र राजस्थानलाई वैवाहिक गन्तव्यका रूपमा गएर विवाह गर्न करोडौँ खर्च गरिरहेका छन् । जनकपुरले आफ्नो मौलिक पहिचानसहित विश्वसनीय सेवा दिन सक्यो भने पर्यटन अर्थतन्त्रमा ठुलो परिवर्तन आउन सक्छ ।

## विवाह संस्कृति

मिथिला संस्कृतिलाई विवाह उद्योगसँग जोड्नु पर्छ । जनकपुरको सबैभन्दा ठुलो सम्पत्ति भवन होइन, संस्कृति हो । मिथिला चित्रकलाले सजिएको मण्डप, बाँस र प्राकृतिक सामग्रीबाट बनेको वातावरणमैत्री सजावट र विवाह गीत, लोकनृत्य, मखानाको परिकार, परम्परागत आतिथ्य, मिथिला पोसाक, स्थानीय गहनाको प्रयोग आदिलाई विवाह प्याकेजको अनिवार्य हिस्सा बनाउन सकिन्छ । विवाह एउटा कार्यक्रम मात्र नभई मिथिला संस्कृतिको जीवित सङ्ग्रहालय बन्न सक्छ । निजी क्षेत्रले विवाह उद्योगको विकास र नेतृत्व गर्न सक्ने वातावरण सरकारले बनाउनु पर्छ । नीतिगत निर्णय, पूर्वाधार विकास, करमा छुट, सहुलियतमा ऋण, प्रशासनिक सहजीकरण र सरोकारवालाबिच सहजीकरणको काम सरकारकै नेतृत्वमा हुनु पर्छ । आवश्यक लगानीका लागि होटेल, इभेन्ट म्यानेजमेन्ट कम्पनी, ट्राभल एजेन्सी, एयर लाइन्स, बैङ्क, बिमा कम्पनी र स्थानीय उद्यमीले अग्रता देखाउनु पर्छ । सरकारका मन्त्री, सांसद तथा राजनीतिक दलका नेताले विदेश भ्रमण गर्दा, कूटनीतिक सम्बन्ध विस्तार गर्दा र विदेशस्थित नेपाली दूतावासले विवाह गन्तव्यलाई प्राथमिकताका साथ अगाडि बढाउनु पर्छ ।

नेपाल पर्यटन बोर्डले रामायण विवाह यात्राको प्याकेज तयार गरेर भारतीय चर्चित पर्यटकीय सरकारी संस्थासँग समन्वय गर्न सक्छ । भारतको अयोध्या, वाराणसी, पटना र दिल्लीस्थित ट्राभल कम्पनीसँग सहकार्य गरेर जनकपुरधामलाई विवाह गन्तव्यका रूपमा प्रचारप्रसार गर्नु पर्छ । विवाहसँगै धार्मिक भ्रमण, सांस्कृतिक कार्यक्रम र मधेश भ्रमणसँग जोड्न सकियो भने बसाइ लम्बिने छ र खर्च पनि बढ्ने छ ।

प्रविधिको युगमा हरेक जोडीले विवाहको पहिलो तयारी सामाजिक सञ्जालबाट सुरु गर्छन् । सामाजिक सञ्जाल र इन्टरनेट नेटवर्कमा जनकपुरधामबारे खोज्दा विवाहसँग जोडिएका आकर्षक फोटो भिडियो, व्यावसायिक वेबसाइट, बुकिङ प्रणाली, विवाह प्याकेज, लागत, होटेल, फोटोग्राफर, कलाकार, सांस्कृतिक कार्यक्रम, कानुनी प्रक्रिया र सम्पर्क विवरण आदिका बारेमा सहज रूपमा जानकारी उपलब्ध गराउन सकियो भने सम्भावित वैवाहिक पर्यटकले यसलाई अवश्य प्राथमिकता दिने छन् ।

विश्वमा धेरै सहरले कृत्रिम कथा निर्माण गरेर पर्यटक आकर्षित गरिरहेका छन् । सङ्घीय सरकार, मधेश प्रदेश, स्थानीय सरकार, निजी क्षेत्र र स्थानीय समुदाय एउटै लक्ष्यमा उभिन सके भने जनकपुर केवल धार्मिक तीर्थस्थल मात्र रहने छैन, यो दक्षिण एसियाकै सबैभन्दा विशिष्ट सांस्कृतिक तथा वैवाहिक गन्तव्यका रूपमा स्थापित हुन सक्छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# फेरि किन भयो ग्यास अभाव ?

• टक नेपाल

सरकारले खाना पकाउने एलपी ग्यास भरी सिलिन्डर बजार पठाउन थालेको दुई साता नबित्दै काठमाडौं उपत्यका लगायत देशका विभिन्न जिल्लामा उपभोक्ताले ग्यास अभावको सामना गर्नुपरेको छ।

ग्यास नपाएपछि सर्वसाधारणहरू डिलर र सप्लायरकोमै पुगेर खाली सिलिन्डर लाइनमा राख्न बाध्य भएका छन्। एउटा ग्यास साट्न मात्रै पनि हप्तौंसम्म कुर्नुपरेको गुनासो उपभोक्ताबाट व्यापक आउन थालेको छ।

यसअघि पनि बजारमा ग्यास अभाव चर्किएपछि नेपाल आयल निगमले २०८२ फागुन अन्तिमतिरबाट आधामात्र भरिएको (७.१ किलो) सिलिन्डर बेच्ने व्यवस्था मिलाएको थियो। तर, अहिले फेरि पूरै भरिएको सिलिन्डर बाँड्न थालेपछि एक्कासि ग्यासको माग बढेर अभाव सिर्जना भएको डिलर सञ्चालकहरूको भनाइ छ।

एकातिर ग्यास डिपोहरूमा उपभोक्ताको थामिनसक्नु भिड छ भने अर्कातिर आयल निगमले बजारमा ग्यासको कुनै अभाव नरहेको दाबी बारम्बार गर्दै आइरहेको छ।



निगमले दाबी गरे पनि ग्यास पसलमा सर्वसाधारणको लाइन भने घटेको छैन। बालाजु औद्योगिक क्षेत्रभित्र रहेको नेपाल ग्यास डिपो, अन्य डिलर र विक्रेताहरूको पसलमा ग्यास लिन बसेका सेवाग्राहीको लामो लाइनले पनि ग्यास नपाइएको स्पष्ट पार्छ।

**आखिर ग्यास गयो कहाँ ?**

ग्यास विक्रेता महासंघ नेपालका कोषाध्यक्ष रविन कार्की बजारमा देखिएको ग्यास अभाव आपूर्ति कम भएर नभई उपभोक्तामा देखिएको त्रास र खाली सिलिन्डर एकै पटक भर्न खोज्ने प्रवृत्तिका कारण भएको बताउँछन्।

कार्कीका अनुसार नेपालमा ग्यासको नियमित आपूर्ति भइरहेको छ र दैनिक ग्यास आइरहेको छ। तर, केही महिनादेखि बजारमा थन्किएका हजारौं खाली सिलिन्डर एकै पटक रिफिल गर्न खोज्दा र उपभोक्ताले चाहिनेभन्दा बढी ग्यास भण्डारण (होल्ड) गर्दा बजारमा हाहाकार मच्चिएको उनको दाबी छ।

'चार महिना अवधिमा नियमित खपत हुनेभन्दा कम ग्यास उठ्यो, उद्योगले घाटा बेहोर्नुपर्छ भनेर ग्यास किनेनन् र बजारमा करिब ४८ देखि ५० हजार टन खाली सिलिन्डर थुप्रिए,' कोषाध्यक्ष कार्कीले भने, 'अहिले एक्कासि बजारमा १४.२ किलो आउने भएपछि सबैलाई एकैचोटि ग्यास चाहियो, ती सबै खाली सिलिन्डर एकै पटक बजारमा निस्किँदा क्राइसिस भएको हो, अहिले आइरहेको ग्यासले यो प्यानिक मार्केटलाई एकै पटक धान्न सक्दैन।'

यसका साथै, बजारमा ल्याइएको 'हाफ ग्यास' का कारण पनि समस्या थपिएको उनले बताए। 'हाफ ग्यास १५ दिनमै सकिन्छ, त्यसपछि छिटोछिटो रिफिलिङ गर्नुपर्ने अवस्था आयो, जसले ग्यासको रोटेसन बिगार्‍यो र बजारमा खाली सिलिन्डर छिटो आउन थाल्यो,' उनले थपे।

अहिले ग्यास नपाएर सबैभन्दा बढी मारमा विद्यार्थी र एउटामात्र सिलिन्डर हुने साना परिवार परेका छन्।

'जसको घरमा ५-७ वटा खाली सिलिन्डर थिए, उनीहरू अहिले ती सबै भर्न लागिपरेका छन्,' कार्कीले भने, 'क्षमता हुनेले स्टक राख्दा यसको प्रत्यक्ष मारमा एउटामात्र सिलिन्डर हुने, स्टक राख्न नसक्ने विद्यार्थी र साना परिवार परेका हुन्।'

उनको डिलरमा नियमित अवस्थामा भन्दा अहिले माग अत्यधिक छ। अहिले दैनिक १ हजा ५ सयदेखि १ हजार ८ सयसम्म ग्यास माग आइरहेको छ। तर, जम्मा ३ सयदेखि ४ सय ग्यासमात्र बेचेको उनको भनाइ छ।

'मैले यो माग एकैचोटि पूरा गर्न सक्ने अवस्था नै छैन, उपभोक्ताहरू ग्यास नपाएपछि दोहोर्‍याएर डिलरमा आउने गरेका छन्,' उनले भने, 'जसलाई रोक्न डिलरहरूलाई समेत गाह्रो भइरहेको छ।'

यस्तो संकट आउन सक्छ भनेर महासंघले आयल निगम र सरकारलाई तीन महिना अगाडि नै सचेत गराएको कार्कीले बताए।

'हामीले तीन महिना अगाडि नै यो अवस्था आउँछ भनेर राज्यलाई भनेका थियौं, कम्तीमा एउटा घरमा दुइटाभन्दा बढी सिलिन्डर राख्न नदिने वा एउटा स्टक राखेर अर्कोमात्र भर्न पाउने नियम ल्याउनुपर्थ्यो, त्यो भएन,' उनले भने।

**उद्योगीको दाबी : सरकारको नीतिगत ढिलाइ नै प्रमुख कारक**

नेपाल एलपी ग्यास उद्योग संघ अध्यक्ष दिवान चन्दले अहिले बजारमा देखिएको ग्यास अभाव समस्यामा सरकारको नीतिगत ढिलाइ नै प्रमुख कारक भएको बताउँछन्।

देशभरि देखिएको अभाव आपूर्ति कम भएर नभई सरकारले भरी सिलिन्डर वितरण गर्ने निर्णय समयमै नगर्दाको नतिजा भएको चन्दको दाबी छ।

सुदूरपश्चिमदेखि सुदूरपूर्वसम्मका जिल्लामा ग्यासको चरम अभाव देखिएको स्वीकार्दै अध्यक्ष चन्दले यो कृत्रिम अभाव र उपभोक्ताको होडबाजीका कारण सिर्जना भएको आरोप लगाए।

सरकारले आधा ग्यास वितरण गरिरहेको समयमा आफूहरूले १४.२ किलोको निर्णय छिटो गर्नुपर्ने भन्दै संसदीय समितिमा समेत चेतावनी दिएको उनले बताए।

'हाम्रो प्रेडिक्सन नै के थियो भने जति ढिला १४.२ किलो गरियो, त्यति बजार व्यवस्थापन गर्न गाह्रो हुन्छ, मैले संसदीय समितिमा मन्त्री, सचिव र सांसदहरूकै अगाडि भनेको थिएँ- १४.२ किलो त गर्नुभयो, तर अब यो नर्मल हुन दुई महिना लाग्छ,' चन्दले भने।

नेपाली बजारमा डेढ करोड थान सिलिन्डर रहेको र भरी सिलिन्डर आउने हल्ला चलेपछि उपभोक्ताले खाली सिलिन्डर थुपारेर राखेको उनको दाबी छ। 'खाली भएका सिलिन्डर भर्नका लागि मात्रै यो होडबाजी चलेको हो, अरू केही होइन,' उनले भने।

अध्यक्ष चन्दका अनुसार बजारमा ग्यास आपूर्ति ५ देखि ७ प्रतिशत बढेको छ। 'सामान्य अवस्थामा ४५/४६ हजार टन ग्यास खपत हुने गरेकोमा अहिले ४८ देखि ४९ हजार टन पुगेको छ,' उनले भने, 'अहिले दैनिक १ लाख २० हजार सिलिन्डर बजारमा बेचिरहेका छौं।'

**चाहिने एउटा, डिमान्ड तीन वटाको : नेपाल ग्यास**

बजारमा सबैभन्दा ठूलो हिस्सा ओगटेको नेपाल ग्यास सञ्चालक गोकुल भण्डारी पनि ग्यास आयातमा कुनै कमी नआएको दाबी गर्छन्। उपभोक्ता आत्तिएर चाहिनेभन्दा बढी माग गर्दा बजारमा अभावजस्तो मात्र देखिएको उनको भनाइ छ।

'हाम्रो नेपाल ग्यासको लगभग २४ सय टनको कोटा हो, त्यो ग्यास यो महिना आएकै छ,' सञ्चालक भण्डारीले भने, 'तर, हाफबाट एकैचोटि फुलमा गएकाले गर्दाखेरि १०-२० प्रतिशतको डिमान्ड एकैचोटि बढेर आएको छ।'

आफ्नो उद्योगको मात्र नभई समग्र ग्यास उद्योगकै आयातमा कुनै कमी नभएको बताउँदै उनले उपभोक्तालाई नआत्तिन आग्रह गरेका छन्।

'धेरै नआत्तिकन जसलाई एकदमै आवश्यक पर्ने हो, उहाँहरूले मात्र लिने हो भने ग्यासको प्रब्लम नै छैन,' भण्डारीले भने, 'तर, एउटा चाहिनेलाई तीन वटा माग दिने भयो भने चाहिँ गाह्रो हुन्छ।'

भोलि ग्यास नपाइने हो कि भन्ने त्रासमा आजै ग्यास थुपार्ने प्रवृत्तिले समस्या सिर्जना गरेको भन्दै उनले अत्यावश्यक नभएकालाई केही दिन पर्खिन सुझाव दिएका छन्।

**निगमको प्रष्टीकरण : अभाव देशव्यापी छैन, आपूर्ति बढाएका छौं**

चौतर्फी गुनासो र लाइन बढ्न थालेपछि नियामक निकाय आयल निगमले बजार सन्तुलित बनाउन खोजेको बताएको छ। निगमका एलपीजी तथा एभिएसन विभाग निर्देशक विनितमणि उपाध्यायले ग्यास अभाव देशव्यापी नरहेको दाबी गरे।

'ग्यास अभाव देशभरि नै होइन, दाङ, सुर्खेत र काठमाडौंका सीमित ठाउँमा मात्र त्यस्तो चाप देखिएको छ,' निर्देशक उपाध्यायले भने, '७.१ किलोबाट १४.२ मा गइसकेपछि सिलिन्डर जुन ग्याप भयो, ती सिलिन्डर एकैचोटि बजारमा आउन थाले, त्यसले गर्दा १० देखि २० प्रतिशतसम्म डिमान्ड एक्कासि बढेर आएको हो।'

बजारमा देखिएको चाप सम्बोधन गर्न निगमले ग्यास आपूर्ति बढाएको उनले बताए। 'हामीले दैनिक १ सय बुलेटभन्दा पनि बढी मगाएका छौं,' उनले भने, 'यो बीचमा १ सय ४० देखि १ सय ४५ बुलेटसम्म पनि ग्यास आएको छ र आपूर्ति नियमित प्रक्रियामा छ।'

उद्योगीलाई पनि परिमाण थप्न निर्देशन दिइएको र उनीहरू सकारात्मक रहेको उपाध्यायको भनाइ छ।

ग्यासको चाप बढेपछि निगमले बुधबार मात्रै उपत्यका ग्यास विक्रेता संघका प्रतिनिधिसँग छलफल गरी अत्यावश्यक वर्गलाई प्राथमिकता दिन आग्रह गरेको बताएको छ।

'विक्रेता साथीहरूलाई हामीले घरायसी प्रयोजनमा प्रयोग गर्ने, वृद्धवृद्धा, स्कुल/कलेजका विद्यार्थी, सुत्केरी महिला र बिरामी प्राथमिकतामा राखेर बिक्री वितरण गरिदिनुहोला भनेर पठाएका छौं,' उपाध्यायले भने।

बजारमा ग्यास कालोबजारी भइरहेको भन्ने हल्लालाई भने निगमले अस्वीकार गरेको छ। जिल्ला प्रशासन कार्यालय, वाणिज्य विभाग र निगमका कर्मचारी सहित टोलीले बजार अनुगमन गरिरहेको र हालसम्म कालोबजारीको प्रमाण नभेटिएको उपाध्यायको दाबी छ।

'कालोबजारी नै भयो भन्ने कुरा आजसम्मको जानकारीमा छैन,' उनले भने, 'अनुगमन टोलीले कालोबजारी भएको पाएको छैन, तर चाप चाहिँ छ भन्ने कुरा आइरहेको छ।'

सरकारले ग्यास वितरण नीति परिवर्तन गर्दा बजारमा पर्ने प्रभावको पूर्वआकलन गर्न नसक्नु, व्यवसायीले सन्तुलित वितरण प्रणाली लागु गर्न नसक्नु र उपभोक्ताले त्रासका कारण आवश्यकता भन्दा बढी सिलिन्डर होल्ड गर्नु नै अहिलेको समस्याको मुख्य जड हो।

## रौतहटमा हजुरआमाको हत्या आरोपमा १८ वर्षीय नाति पक्राउ

रौतहटको कटहरिया नगरपालिका-३ बडेर्बामा आफ्नै हजुरआमाको हत्या गरेको आरोपमा १८ वर्षीय युवक पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार पक्राउ पर्नेमा स्थानीय १८ वर्षीय साहिल शेख रहेका छन्। उनीमाथि आफ्नी ७५ वर्षीया हजुरआमा तेतरी खातुनको हत्या गरेको आरोप लागेको हो।

प्रहरीका अनुसार साउन १४ गते तेतरी खातुनको शव उनका माइला छोरा शेख निमुदिनको घरभित्र खाटमा मृत अवस्थामा फेला परेको थियो। घटनाको जानकारी प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान सुरु गरेको थियो।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार प्रारम्भिक अनुसन्धानबाट साहिल शेख घटनामा संलग्न रहेको देखिएपछि उनलाई पक्राउ गरिएको हो।

प्रहरीले हत्या गर्नुको कारण भने अहिलेसम्म खुल्न नसकेको जनाएको छ। साथै, घटनामा अन्य व्यक्तिको संलग्नता भए-नभएको विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**सर्पले टोकिहालेमा के गर्ने ?**

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने। ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने। घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने। अबिलम्ब चिकित्सा उपचार गराउने।

सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ। त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस्।

बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी

**मानव बेचबिखन विरुद्ध सचेतना**

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौं।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस्।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस्।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस्।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौं।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔं।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔं।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौं।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔं।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौं।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो।

- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौं।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौं।
- "सचेत नागरिक बनौं, मानव बेचबिखन रोकौं; सुरक्षित समाज निर्माणमा सबैको सहभागिता बढाऔं।"

गौशाला नगरपालिका, महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014